## नगर कार्यपालिकाको बैठक नं. ६/२०७९/८०

आज मिति २०७९/०७/२५ गते शुक्रवार दिनको १:०० बजे क.उ.म.न.पा.को सभा हलमा नगर प्रमुख श्री बिनोद प्रसाद साहज्यूको अध्यक्षतामा क.उ.म.न.पा. नगर कार्यपालिकाको छैठौं बैठकमा देहाय अनुसारको प्रस्ताव माथि छलफल गरियो|

**छलफल गरिने विषयहरु र निर्णयहरु (AGENDAS AND DECISIONS) :-**

१. प्रस्तावः- बोलपत्र मूल्याङ्कन सम्बन्धमा ।

निर्णयः- यस नगरपालिकाबाट बिभिन्न निर्माणका लागि प्रथम पटक मिति २०७९।०६।०४ मा प्रकाशित भएको सूचना अनुसार माँग गरिएको बोलपत्रमा सूचना अनुसारको अधिकांश बोलपत्रदाताहरुले कार्यतालिका पेश नगरेको हुदाँ कार्यतालिका पेश नगरेका बोलपत्रदाताहरुलाई कार्यतालिका पेश गर्न पत्राचारको लागि नगरपालिकाको बैठकबाट निर्णय गराउन प्रमुख प्रशासकीय अधिकृत ज्यूलाई अनुरोध गर्ने भनि बोलपत्र मूल्याङ्कन समितिमा पेश भएका बोलपत्रहरुमा पेश भएको कार्यतालिकालाई अधार नलिई मूल्याङ्कन प्रकृया अघि बढाउने र सम्झौता गर्ने क्रममा सबैभन्दा घटि दरमा कबोल गरेका बोलपत्रदाताहरु संग सम्झौता गर्नु पुर्व कार्यतालिका समेत पेश गराउन लगाउने गरि बोलपत्र मूल्याङ्कनको प्रकृया अघि बढाउन निर्देशन गर्ने निर्णय गरियो।

२. प्रस्तावः- मतदाता शिक्षा कार्यक्रम संचालनको लागि बजेट सम्बन्धमा ।

निर्णयः- आगामी मंसिर ४ गते हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा हुने मत बदर लगायतका अवस्थामा सुधार ल्याउन निर्वाचन आयोगले मतदाता शिक्षा कार्यक्रम सन्चालन गर्न पठाएको निर्देशिका अनुसार मतदाता शिक्षा सन्चालन गर्न बजेट स्वीकृत गर्ने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

३. प्रस्तावः- “घ” वर्गकोनिर्माण व्यवसायी इजाजतपत्र सम्बन्धमा ।

निर्णयः- प्रस्ताव नं. ३ माथि छलफल गर्दा “घ” वर्गको निर्माण इजाजतपत्र जाँच-बुझ समितिको बैठकबाट पेश भएका तपसिल अनुसारकामापदण्ड पुरा गरेको फर्महरुलाई इजाजतपत्र दिने निर्णय गरियोः

तपसिलः

| क्र.सं. | निर्माण व्यवसायको नाम | ठेगाना | प्रो.को नाम |
|---|---|---|---|
| १ | बोर्दर्श कन्स्ट्रकसन | कलैया – ६ | राजन कुमार गुप्ता |
| २ | पटेल बिल्डर्स | कलैया – ६ | रागर कुमार पटेल |
| ३ | समीक्षा निर्माण सेवा | कलैया – १ | सन्दीप यादव |
| ४ | अंजली कन्स्ट्रक्सन | कलैया – ४ | बिजेन्द्र प्रसाद साह |
| ५ | पल्लवी कन्स्ट्रक्सन | कलैया – ५ | मन्जु देवी |
| ६ | बनिमाई कन्स्ट्रक्सन | कलैया – २३ | शिव कुमार गुप्ता |
| ७ | किरण कन्स्ट्रक्सन | कलैया – २५ | उमेश राउत कुर्मी |
| ८ | कटेगनमाई निर्माण सेवा | कलैया – १२ | विकास कुश्वाहा |
| ९ | सुनिता कन्स्ट्रक्सन एण्ड निर्माण सेवा | कलैया – २५ | देवकुमार साह कानु |

४. प्रस्तावः- सर्वेक्षक/अमिन लाई खाना/खाजा भत्ता दिने सम्बन्धमा ।

निर्णयः- प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस न.पा.का सर्वेक्षक/अमिन/जनजिरदार(चैनमैन)हरुलेमहिनाको अधिकांश दिन बिहान/बेलुका/विदाको दिन समेत फिल्डमा जग्गा नापजाँचका लागि खटिनुपर्ने भएकोलेसर्वेक्षक/अमिन/जनजिरदार(चैनमैन)हरुलाई जनहि मासिक रू. ५०००।– (अक्षरेपी पाँच हजार मात्र)खाना/खाजा बापत भत्ता दिने निर्णय गरियो।

५. प्रस्तावः- नगर प्रहरीलाई खाना/खाजा भत्ता दिने सम्बन्धमा ।

निर्णयः- प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस न.पा.का नगर प्रहरीहरुलेमहिनाको अधिकांश दिन बिहान/बेलुका/विदाको दिन समेत फिल्डमा खटिनुपर्ने भएकोलेनगर प्रहरीहरुलाई जनहि मासिक रू. १५००।– (अक्षरेपी पन्ध्र सय मात्र) खाना/खाजा बापत भत्ता दिने निर्णय गरियो।

६. जग्गा बर्गिकरण गर्न भएको भेलाको खाजा खर्च सम्बन्धमा ।

निर्णयः- भु-उपयोगको लागि जग्गा बर्गिकरण गर्न भएको वडा भेला/बैठकमा भएको खाजा खर्च बापत प्रत्येक वडालाई बिल अनुसार (अधिक्तम रु.पन्ध्र हजार मात्र) भुक्तानी दिने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत